Small, low intensity and community forests
Forest Stewardship Council

case studies

# नेपालमा गैर काष्ठ वन पैदावार प्रमाणीकरण

नेपालको यो अध्ययनमा एफ.एस.सी. समूह प्रमाणीकरणले समेटेका २४ वटा भन्दा बढि गैर काष्ठ वन पैदावारहरुको बजार व्यवस्थापन तथा क्षमता अभिवृद्धि गर्नको लागि गठन भएको एलायन्स (Alliance) को बारेमा केही कुरा समेटिएको छ । यी वन पैदावारहरुबाट अन्तराष्ट्रिय बजारमा बिक्री वितरण हुने नेपाली हातेकागज, सुगन्धित तेल, आयुर्वेदिक औषधि एवं सौन्दर्य प्रशाधनका वस्तुहरु निर्माण हुन्छन् । यो किसिमको प्रमाणीकरण जडीबुटीको लागि एसियाको नै पहिलो हो र यसमा २१ वटा सामुदायिक वन उपभोक्ता समूहहरु समावेश भएका छन् । यी उत्पादनको विक्री वितरणबाट प्राप्त हुन जाने आम्दानी चाहिँ समुदायहरु बीचमा बाँडिन्छ । समुदायका विपन्न तथा पिछडिएका समूहहरुबाट नै बढी भन्दा बढी लाभान्वित हुन्छन् भने आम्दानीको हिस्सा वन संरक्षणको लागि छुट्याईन्छ ।

## पृष्ठभूमि

नेपालका अन्य वनहरु जस्तै दोलखा र बझाङका वनहरु सरकारी स्वामित्वमा रहेमा रहेका तर स्थानीय समुदायहरु संगठित भई कानूनी रुपमै मान्यता प्राप्त सामुदायिक वन समूहहरुले व्यवस्थापन गरेका वनहरु हुन् । नेपालमा अहिले १४३८७ सा.व.उ.स.हरुले करिब १२ लाख हेक्टर वन क्षेत्रको व्यवस्थापन गरिरहेका छन् ।

> "सामुदायिक वन समूहहरुसँग मापदण्ड पुरा गर्नको लागि पर्याप्त दक्षता र सीमित सेवा प्रदायक संस्थाहरु थिए, त्यसैले व्यवस्थापन योजनाको लागि क्षमता अभिवृद्धि गर्नको लागि स्थानीय स्रोत व्यक्तिहरु राख्नु नै एउटा प्रमुख कार्य थियो ।"




दोलखामा मछिनोको पातहरु टिपिँदै

## सामुदायिक वनको सवलीकरण

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) सामुदायिक वन उपभोक्ता समूहहरुको हक र अधिकारको पक्षमा वकालत गर्ने एउटा राष्ट्रियस्तरको संगठन हो । यसले ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउन गैर काष्ट वन पैदावारको व्यवस्थापन र बिक्री वितरण गर्न समुदायलाई सहयोग पुऱ्याउँदछ । महासंघलाई यो प्रक्रियामा एन्सावले सहयोग पुऱ्याउँदै आएको छ । यसको लागि उपभोक्ताहरुलाई वन व्यवस्थापन गर्न प्राविधिक क्षमता सहितको संस्थाको रुपमा रुपान्तरण गर्नु एउटा चुनौति हो ।

## राष्ट्रिय तथा अन्तराष्ट्रिय आबद्धता

वनमा आधारित सामुदायिक उद्यम विकास, वन प्रमाणीकरण तथा बजार व्यवस्थापन गर्ने पक्षलाई राष्ट्रिय एजेण्डाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याइ रहेका निजी उद्यमी, सरकारी र गैरसरकारी संघसंस्था, समुदाय एवं वन प्रमाणीकरण गर्ने निकायहरुसँग समन्वय गरी एन्सावले एउटा बहु सरोकारवाला एलायन्स बनाउने प्रक्रियालाई सहजीकरण गऱ्यो ।

यो एलायन्सले नेपाली र विदेशी खरिदकर्ता, उत्पादक, गैर सरकारी संस्था एवं गैर काष्ठ वन पैदावार क्षेत्रलाई सहयोग गर्ने सरकारी कार्यक्रम विच सम्पर्क स्थापित गर्न एफ.एस.सी. प्रमाणिकरण उपयुक्त हुन्छ भन्ने निश्कर्ष निकाल्यो । यसले क) जडीबुटी उत्पादकहरुको आम्दानी र रोजगारी बढाउने ख) दिगो श्रोत व्यवस्थापनलाई प्रोत्साहन गर्ने ग) उत्तरदायी खरिद अभ्यासलाई विस्तार गर्ने काममा सघाउ पुग्ने थियो । यो एलायन्सले एफ.सी.सी.को काष्ठ एवं गैर काष्ठ वन पैदावार व्यवस्थापन गर्ने अन्तरिम मापदण्ड र समूह प्रमाणीकरणको खाका निर्माण गऱ्यो । त्यसैगरी सरोकारवाला संस्थाहरु र प्राविधिकहरु बीच नै पनि वन प्रमाणीकरण सम्बन्धी ज्ञान कम भएको बेलामा यससँग सम्बन्धित जनचेतना र क्षमता विस्तार गर्ने कार्य समेत सम्पन्न भयो । समूह प्रमाणीकरण विधिलाई अवलम्बन गरियो । यसमा वन उपभोक्ता समूहहरुको तर्फबाट फेकोफनले श्रोत व्यवस्थापनको भूमिका गर्दछ । यो प्रक्रियामा आउन सा.व.उ.स.हरुले फेकोफनमा आवेदन दिन्छन्, वन प्रमाणीकरण मापदण्ड बमोजिम वन व्यवस्थापन गर्छन भने फेकोफनले उनीहरुको क्षमता अभिवृद्धि गर्ने र समग्र प्रक्रियाको अनुगमन गर्ने काममा सघाउ पुऱ्याउँदछ ।



२००५ जनवरीमा रेनफरेठट एलायन्स÷स्मार्टउडले फेकोफनलाई गैर काष्ठ वन पैदावारको लागि प्रमाणीकरण गरेको भए पनि पछि काठलाई पनि समावेश गरेको छ । यो एलायन्सले परिक्षणको रुपमा ११ वटा सा.व.उ.स.हरुलाई प्रमाणिकरणको लागि छनौट गऱ्यो र सोही अनुसार नै प्रारम्भिक मूल्यांकन भयो । तर अहिले २१ वटा सा.व.उ.स.हरु प्रमाणीकरण भईसकेका छन् जसले १४०८६ हेक्टर वनको संरक्षण गरिरहेका छन् । यी समूहहरु विविध किसिमका छन् जसमा ६५ घरधुरीदेखि ५४४ घरधुरी र २८ हेक्टर देखि १९८१ हेक्टर सम्मका समूहहरु समेटिएका छन् । त्यस्तै गरी आठवटा वनमा आधारित उद्यमहरुले एफ.सी.सी. वस्तु प्रमाणीकरणको प्रमाणपत्र पाएका छन् । यी मध्ये विश्वमै पहिलो एफ.सी.सी. प्रमाणपत्र प्राप्त ( मालिका हाते कागज उद्योग) पनि एक हो । जसले अमेरिकाको AVEDA Company लाई २००७ मा आफ्नो उत्पादन पठायो ।

"मुख्य चुनौति भनेको यी उपभोक्ताहरुलाई प्राविधिक क्षमता युक्त संस्थाको रुपमा परिमार्जन गर्नु हो जसले गर्दा दिगो वन व्यवस्थापन गर्दै सामाजिक एवं आर्थिक हिसाबले सक्षम उद्यम संचालन गरुन ।"

## प्रभाव

संरक्षणका प्रयासलाई प्रमाणिकरणले साँच्चै सहयोग पुऱ्याएको छ । दुलर्भ, खतरायुक्त र संकटापन्न प्रजातिहरु पहिचान र संरक्षण गर्ने मार्गदर्शनहरु बनाउन एन्सावले सहयोग गरेको छ । सा.व.उ.स.हरु वन्यजन्तु संरक्षण क्षेत्र, खोलानाला एवं अन्य सांस्कृतिक महत्वका स्थानहरुलाई नक्सांकन गर्न सक्ने भएका छन् । वनको अवस्थामा आएको बदलावहरुको अनुगमन गर्न फेकोफनले यसका सदस्य समूहहरुलाई एउटा Format उपलब्ध गराउँदछ ।
यसको अलावा प्रमाणीकरणले निर्वाचित संस्थालाई सवलीकरणमा सहयोग पुऱ्याएको हुनाले न्यायिक समाज निर्माण हुन पाएको छ । दोलखा जिल्लाका समूहहरु आफैले विपन्नहरुलाई लघु ऋण उपलब्ध गराएका छन् भने चौरी पालकहरुको परम्परागत अधिार सम्बन्धी विवादलाई टुंगोमा पुऱ्याएका छन् । फेकोफनले समूहहरुमा पारदर्शिता र लेखा व्यवस्थापन सम्बन्धी तालिम उपलब्ध गराएपछि बझाङका वनसमूहहरु प्रजातान्त्रिक प्रणाली स्थापना गर्न सक्ने भएका छन् ।

### तथ्य तथा आंकडा

**प्रमाणपत्र**: SW-FM/COC-NTFP001438 for 24 NTFPs issued 22 February 2005

**क्षेत्रफल** :१४०८६ हेक्टर

**सदस्यता** : ४६९५ घरधुरी (२१ समूहका)

**परिमाण** :वार्षिक कारोबार २००३ मा ४८४,५६० डलर र २००६ मा ९३८,४८६ डलर

## सिकाइहरु

समूह प्रमाणीकरणको उपयुक्त विधिले बढी भन्दा बढी साना समूहहरु समावेश गर्न सकिन्छ । यसले गर्दा जति जति समूह संख्या बढ्दै जान्छ त्यति नै प्रति समूह प्रमाणीकरण गर्न लाग्ने खर्च घट्दै जान्छ ।

➢ठूला ठूला खरिदकर्ताहरु आकर्षित गर्न तथा उत्पादन प्रक्रियालाई कम खर्चिलो बनाउन उत्पादन तथा समूहहरुलाई विविध र व्यापक बनाउनु पर्दछ ।

➢प्रमाणीकरण प्रक्रियालाई कम खर्चिलो बनाउने हो भने प्रमाणीकरण मूल्यांकनकर्ताहरुको संख्या बढाउनु पर्छ ।

➢अन्तराष्ट्रिय बजार विस्तारबाट सबै समूहहरुलाई फाइदा पुऱ्याउन नसकिने भएकाले वन प्रमाणीकरणको लागि सम्पूर्ण समूहहरु उपयुक्त हुँदैनन् ।

➢जडीबुटीको पर्याप्तता, वनको क्षेत्रफल, उद्यमशिलता, संजाल विस्तार वन व्यवस्थापन र प्रमाणिकरण प्रक्रियामा चासो देखाउने र सोही बमोजिम व्यवस्थापन सुधार गर्ने इच्छाशक्ति भए नभएको समेत मूल्यांकन गरी सोही बमोजिम प्रमाणीकरणको लागि समूहहरु छनौट गर्नुपर्दछ ।




बझाङको एफ.सी.सी. प्रमाणित हाते कागज उद्योग

## भविष्य

नेपालमा वन प्रमाणीकरणका मुख्य चुनौतिहरु

➢वन प्रमाणीकरणको लागि राष्ट्रियस्तरमा क्षमता अभिवृद्धि गर्न, एफ.सी.सी. वन प्रमाणीकरण राष्ट्रिय कार्य समूहको सवलीकरण गर्न तथा एफ.सी.सी.का राष्ट्रिय मापदण्ड निर्माण गर्नको लागि दीर्घकालिन आर्थिक सहयोग बढाउने ।

➢एफ.सी.सी. प्रमाणित वस्तुहरुको विक्री वितरणमा वृद्धि गर्नको लागि थप अरु निजी क्षेत्र र गैर सरकारी संस्थाहरु यो एलायन्समा ल्याउनुपर्छ ।

➢वार्षिक अनुगमन तथा पाँच वर्षमा हुने मूल्यांकनको लागि आवश्यक खर्च कम गर्न र सोको स्रोत जुटाउन प्रमाणीकरणमा भएका समूह संख्या बढाउने ।

➢नेपाली जडीबुटी कम्पनीहरुलाई गुणस्तर, उत्पादन डिजाइन, प्रशोधन तथा लेखा व्यवस्थापन पक्षमा अन्तराष्ट्रिय मापदण्ड बमोजिम सुधार गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

FSC Trademark © 1996 Forest Stewardship Council A.C. FSC-GRB-655

Information provided by Bhisma P. Subedi

**Contact details**

**ANSAB** PO Box 11035, Kathmandu, Nepal. www.ansab.org
Dr. Bhishma P. Subedi (bhishmasubedi@ansab.org)
Mr. Shiva Shankar Pandey (shivapandey@ansab.org)
Phone: +977-1-449 7547, Fax: +977-1-447 6586

**FECOFUN** G.P.O. Box 8219, Old Baneshwor, Kathmandu, Nepal.
bram@fecofun.wlink.com.np
Phone: +977-1-4469473

more information
www.fsc.org/smallholders

developed by
ProForest
www.proforest.net